म.जि. प्र. का. द.नं. : १७६/०६८, वर्ष १२, अंक ४६ बुधबार २९ भदौ २०७९ ने. सं. ११४२ ञलगा 14 September, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

## मुख्य सडक १६-१६ मिटर फराकिलो बनाउन 'प्रधानमन्त्री तयार'

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ मकवानपुर उद्योग वाणिज्य संघले राष्ट्रिय राजमार्गसँग जोडिएको हेटौंडाको मुख्य सडकलाई दायाँबायाँ १६-१६ मिटर फराकिलो बनाउनु पर्ने अडान दोहोऱ्याएको छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा तत्कालीन सूचना तथा सञ्चार प्रविधि मन्त्री मोहन बस्नेत हेटौंडा आएको अवसर पारेर संघले सडक विस्तारका सम्बन्धमा अडान राखेको हो । बस्नेत मन्त्रिपरिषद्मा हुँदा तत्कालीन शेबहादुर देउवा नेतृत्वको सरकारले चितवनको नारायणगढ र हेटौंडाको मुख्य सडक फराकिलो बनाउने निर्णय गरेको थियो । बस्नेतले नै सडक फराकिलो पार्ने सम्बन्धी प्रस्ताव लगेको भन्दै संघले मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बस्नेतमार्फत् प्रधानमन्त्री देउवा र बागमतीका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेलाई मुख्य सडक १६-१६ मिटर कायम गराउन ध्यानाकर्षण गराएको हो ।

उद्योग वाणिज्य संघले २०७६ सालदेखि १६-१६ मिटर सडक फराकिलो बनाउनुपर्ने मुद्दा उठाउँदै आएको छ । यसअघि पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथको दायाँ-बायाँ २५/२५ मिटर सडक अतिक्रमण गरी बनाइएको घर टहरा, छाप्रो, मन्दिरलगायतको संरचना हटाउन डोजर लिएर डिभिजन सडक निस्किएपछि आन्दोलन चर्किएको थियो ।

हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि हालको साँघुरो सडक भत्काएर २५-२५ मिटर फराकिलो बनाउनुपर्ने मुद्दा थप बलियो ढंगबाट उठ्दै आएको हो । संघले प्रधानमन्त्री शेरबहादुर देउवादेखि बागमतीका मुख्यमन्त्री पाण्डेसम्मलाई राजमार्ग क्षेत्रका नागरिकलाई सुकुम्बासी बनाउन नहुने भन्दै दबाब दिँदै आएका हुन् ।

संघको तर्फबाट निर्वतमान अध्यक्ष कृष्ण कटुवालले सडक विस्तारका समाचारले नगरबासीलाई त्रसित बनाउँदै आएको भन्दै तत्काल १६-१६ मिटर कायम गरेर जानुपर्नेमा जोड दिए । उनले हेटौंडाको बीच भागबाट रहेको राष्ट्रिय राजमार्गलाई अन्यत्र सार्न संकिनेतर्फ सचेत गराए । बजारको मुख्य सडकमा पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथ पर्छ । दुबै राजमार्गलाई राप्तिखोलाको किनारैकिनार व्यवस्थित गर्न सकिने कटुवालले बताए ।

'सहरको बीच भागबाट राष्ट्रिय राजमार्ग निर्माण नगरी वैकल्पिक मार्ग निर्माण गरी उक्त मार्गलाई राष्ट्रिय राजमार्ग बनाउने, रातोमाटेदेखि चौकीटोलसम्म र बुद्धचोकदेखि राप्तीपुलसम्मको हाल भइरहेको सडकलाई नेपाल सरकारले सहरी मार्ग कायम गर्नुपर्ने', पत्रमा उल्लेख छ । यी निर्णय भएमा राजमार्गमा पर्ने घरजग्गा धनीहरुले आफ्नै खर्चमा सेडब्याकसहित सडकको मध्यभागबाट १६ मिटरले हुने स्थानसम्म घरटहरा भत्काई क्षतिपूर्ति समेत नलिने र सरकारलाई सहयोग र साथ दिने प्रतिबद्धता जनाइएको छ । पत्र बुझ्दै मुख्यमन्त्री पाण्डेले सडक १६-१६ मिटर बिस्तार गर्ने र आफूले आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

बाइपासबाट सडक निर्माणमा प्रदेश सरकारले पनि साथ दिने उनले बताए । पाण्डेले केही समयअघि हेटौंडाकै सडकको विषयमा प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेको स्मरण गर्दै १६-१६ मिटर सडक फराकिलो बनाउन सकिने बताए । उनले ३२ मिटर सडक बिस्तारमा प्रधानमन्त्री देउवासमेत तयार रहेको जानकारी दिएका छन् ।

'नेपाली कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनासहित संघका अध्यक्ष कृष्ण गुप्तालगायत प्रतिनिधिसहित हामीले केही समयअघि प्रधानन्त्रीज्यूलाई भेटेरै सडकको विषयमा छलफल गरेका थियौं । सुरुमा त प्रधानमन्त्रीज्यूले सडक भत्काउनु पर्छ भनेर भन्नुभयो । तर, स्थानीयहरुलाई सुकुम्बासी बनाउने विषयदेखि राजमार्ग सार्न सकिने विषयमा बुझाउन सफल भएर उहाँ १६-१६ मिटर फराकिलो बनाउनेमा तयार हुनुभयो', पाण्डेले भनेका छन् । देउवाले तत्काल भौतिक पूर्वाधार मन्त्रीसँग छलफल गरेर सडक फराकिलो बनाउन निर्देशन दिएपनि भौतिक पूर्वाधार मन्त्रीसँग भेट हुन नसकेकाले काम रोकिएको पाण्डेले बताए । 'भौतिक मन्त्री ज्युलाई २ पटकसम्म भेट्न गएँ तर उहाँलाई भेटिएन । अब भेटेर काम अगाडि बढाउन पहल गर्छौं', उनले भने ।

पूर्वमन्त्री बस्नेतलाई समेत सडक बिस्तारमा सहयोग गर्न पाण्डेले आग्रह गरे । नेपाली कांग्रेस मकवानपुरका नेता तथा प्रदेशसभा निर्वाचनमा उम्मेदवार बन्ने तयारी गरिरहेका आनन्दराम पराजुलीले सडक बिस्तारको नाममा जनतालाई सुकुम्बासी बनाउन नहुने धारणा राखेका छन् । पराजुलीले मुख्यमन्त्री पाण्डे र बस्नेतलाई राजमार्ग सारेर ३२ मिटरको सडक विस्तार गर्नुपर्नेमा जोड दिए । जवाफमा मुख्यमन्त्री पाण्डेले हेटौंडामा २५-२५ मिटर सडक भत्काउनुपर्छ भन्ने जमात ठूलो रहेको बताए । 'भोलि २५-२५ मिटर भत्काउनु पर्छ भनेर जुलुस निस्केला । त्यता तिर पनि ध्यान दिनुस्', पाण्डेले भने ।

हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि हालको साँघुरो सडक भत्काएर २५-२५ मिटर फराकिलो बनाउनुपर्ने मुद्दा थप बलियो ढंगबाट उठ्दै आएको छ । प्रदेशसभामा समेत सांसद्हरुले हेटौंडाको सडक बिस्तारको प्रशंक पटक-पटक निकालेर गरेका छन् । केही दिनअघि वर्तमान उपमहानगर नेतृत्वसँग एसियन हाइवे निर्माणअन्तर्गत एसियाली बिकास बैंक (एडीबी)ले बजार क्षेत्रको सडक फराकिलो बनाउन छलफल गरेको छ । उपमहानगरले जनतालाई सुकुम्बासी बनाउन नहुने भन्दै व्यवस्थित तरिकाबाट सडक बिस्तार गर्नुपर्ने जनाएको थियो ।

तत्कालीन क्षेत्रीय प्रशासक बिनोद केसीले २०७३ सालमा हेटौंडा सडकको दायाँ/बायाँ २५/२५ मिटर सडक विस्तारको काम थालिएको थियो । सडक डिभिजन हेटौंडाले पछिल्लो समय ७ असार २०७६ मा सूचना जारी गर्दै महेन्द्र राजमार्गको धन्सार पुल (बारा)देखि लोथर (मकवानपुर)सम्म तथा त्रिभुवन राजपथको बीरगञ्ज भन्सार (पर्सा) देखि दामेचौर (मकवानपुर)सम्मको राजमार्ग खाली गर्नका लागि निर्देशन दिएको थियो ।

यसअघि सडक सीमाभित्र पर्ने घरधनीले मुआब्जा तथा क्षतिपूर्ति माग गर्दै मुद्दा दायर गरेपछि सर्वोच्च अदालतले तत्काल सडक विस्तार कार्य अगाडि नबढाउन आदेश दिएसँगै सडक विस्तार कार्य रोकिएको हो ।

## मकवानपुरबाट प्रत्यक्ष उम्मेदवार बन्ने कुरामा द्विविधा छैन: *डीना*

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ नेपाली कांग्रेसका सह-महामन्त्री महालक्ष्मी उपाध्याय 'डीना'ले प्रतिनिधिसभा सदस्य निर्वाचनमा आफू मकवानपुरबाट उम्मेदवार बन्ने बताएकी छन् ।

नेपाल चर्खा प्रचारक गान्धी-तुलसी स्मारक महागुठीको आयोजना एवम् सामुदायिक महिला विकास केन्द्रको सहकार्यमा मंगलबारबाट हेटौंडामा सुरु भएको जनै, रक्षाबन्धन तथा सजावटको सामग्री सम्बन्धी आधारभूत तालिमको उद्घाटन गर्दै उनले यस्तो बताएकी हुन् ।

उनले एकपटक प्रत्यक्ष निर्वाचन जितेर महिला हक अधिकारसँगै जिल्लाको सामग्र विकासमा काम गर्न ईच्छा रहेको व्यक्त गरिन् । उपाध्यायले मकवानपुरबाट आफू प्रत्यक्षतर्फको उम्मेदवार हुनेमा कुनै द्विविधा नरहेकोसमेत स्पष्ट पारिन् । तालिममा सहभागीहरुलाई शुभकामना दिँदै उनले महिला आत्मनिर्भर बन्नु आवश्यक रहेको सुझाव दिइन् । नेपालमा जनैसमेत चाइनाबाट ल्याउनुपर्ने अवस्था रहेको उल्लेख गर्दै उनले सीप सिकेर घरैमा बसेर पनि काम गर्न सकिने बताइन् ।

चर्खा प्रचारक गान्धी तुलसी स्मारक महागुठीका अध्यक्ष उदयमोहन श्रेष्ठको अध्यक्षतामा भएको तालिमको उद्घाटनमा नेपाली कांग्रेस मकवानपुर उपसभापति आनन्द कठायत, महासमिति सदस्य उर्मिला पुलामी, जिल्ला सदस्य तारा राई कार्की, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष डा. गणेश बल लामा, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाट, महागुठीका कार्यकारी प्रमुख प्रेमप्रसाद लामिछानेलगायतले मन्तव्य व्यक्त गरेका थिए । तालिम असोज ३ गतेसम्म सञ्चालन हुनेछ ।

## मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा एकजना गम्भीर घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा एक जना गम्भीर घाइते भएका छन् ।

हेटौंडा-५ शान्तिनगरमा मंगलबार मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा एक जना गम्भीर घाइते भएका हुन् ।

शन्तिनगरतर्फबाट सहमिल तर्फ जाँदै गरेको ना. ४३ प ८२६८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक हेटौंडा उपमहानगरपालिका-४ बस्ने २८ वर्षीय अमृत मैनाली गम्भीर घाइते भएको मकवानपुरका प्रहरी प्रवक्ता डीएसपी टेकबहादुर कार्कीले जानकारी दिए । मैनालीको चुरेहिल अस्पतालमा उपचार भइरहेको छ ।

## वन विज्ञान संकायको आफ्नै भवन

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ स्वामित्व विवादका कारण यसअघि पटक-पटक लफडामा फस्दै आएको वन विज्ञान संकायले आफ्नै भवन निर्माण गरी सेवा सुचारु गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-१० स्थित वन विज्ञान संकायले १० करोड १३ लाख ११ हजार रुपैयाँ लागतमा ५ तले शैक्षिक भवन तयार पारेको हो । कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत् हेटौंडास्थित वन विज्ञान संकायको शैक्षिक भवनबाट पठनपाठनको काम सुरु भएको छ ।

शैक्षिक भवनमा २० वटा कोठा छन् । वन संकायका डीन डा. बलराम भट्टले अब वन संकायको प्रशासनिक भवन र प्राध्यापक, कर्मचारी आवास भवन निर्माणको प्रक्रिया अगाडि बढ्ने जानकारी दिए । यसअघि एउटै भवनमा कोठाहरु बाँडेर, एउटा कोठामा पनि बारेर पढाउँदै आएको भट्टले बताए ।

वन विज्ञान संकाय र त्रिवि वन विज्ञान अध्ययन संस्थानबीच लामो समयदेखि स्वामित्व विवाद थियो । उक्त स्वामित्व विवाद सर्वोच्च अदालतमा विचराधीन छ । विवादकै कारण यसअघि क्याम्पसमा ताला लाग्नेदेखि झैझगडासमेत हुँदै आएको थियो । पुरानो भवनलाई दुबै निकायले आफ्नो दाबी गरेपछि विवाद चुलिँदै गएको थियो । हाल सर्वोच्चमा विचराधीन मुद्दाकै अवस्थामा नयाँ भवनबाट सेवा सुरु गरिएको डीन भट्टले बताए ।

वन विज्ञान संकायले विगतमा प्रयोग गर्दै आएको मुख्य भवन र शैक्षिक भवन त्रिवि वन विज्ञान अध्ययन संस्थानलाई हस्तान्तरण गरेको छ । मंगलबार संस्थानलाई साँचो बुझाउने भनिए पनि संस्थानका प्रतिनिधि उपस्थित नभएको बुझिएको छ ।

साझाकुरा

## हाम्रो कुरा

# मूल्यवृद्धि नियन्त्रण आवश्यक

देशमा स्थिर सरकार भएपछि समृद्धिसँगै आम नागरिकको जीवनयापनमा सहजता आउने आशामा विस्तारै तुषारापात भइरहेको छ । आर्थिक समृद्धि तत्काल महशुस गर्न नसकिए पनि आम नेपालीले सहज, सर्वसुलभ र उचित मूल्यमा दैनिक आवश्यकताका वस्तु तथा सेवा उपभोगको अपेक्षा गरेका थिए । आमनागरिकको चासोको विषय बनेको दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रणमा आउन नसकेका कारण उपभोक्ताहरु चिन्तित भएका छन् । खासगरी, खाद्यान्न र तरकारीको मूल्यमा भएको अप्रत्याशित बृद्धिले न्यून आयस्तर भएका नागरिकको दैनिकीमा नकारात्मक प्रभाव परेको छ । दशैं नजिकिँदै गर्दा बढ्दै गएको बजार मूल्यले उपभोक्ता आक्रान्त बन्नुपर्ने अवस्था सृजना भएको छ । प्रशासनले आकस्मिक बजार अनुगमन गरी कारबाही गर्ने बताए पनि अनुगमन प्रभावकारी भइरहेको छैन । प्रभावकारी अनुगमन र कारबाहीसँगै मूल्य नियन्त्रणतर्फ सरोकारवाला निकायले खासै चासो देखाएको पाइँदैन । बिना कारण र अस्वभाविक भएको मूल्यवृद्धि नियन्त्रण गर्नेतर्फ कुनै सक्रियता नदेखाउनु दुःख र चिन्ताको विषय बनेको छ ।

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिका कारण सबै क्षेत्रमा अस्वाभाविकरुपमा मूल्य बृद्धि भएको पाइन्छ । माग र आपूर्तिबीच सन्तुलन कायम हुन नसकेपछि मूल्यमा प्रत्यक्ष प्रभाव पर्ने अर्थशास्त्रको सिद्धान्त छ । तर, उत्पादन र वितरणबीचमा त्यस्तो असन्तुलन नभए पनि मूल्यवृद्धि भने भइरहेकै पाइन्छ । तरकारी उत्पादन गर्ने किसानले पाउने मूल्य र उपभोक्ताले तिर्नु परेको मूल्यबीच ठूलो अन्तर देखिएको छ । बीचका मध्यस्थकर्ताहरुले मूल्यको शतप्रतिशतसम्म नाफा राखेर तरकारीको मूल्य निर्धारण गर्ने गरेको अनुभव पीडित उपभोक्ताहरुले गरेका छन् । राज्यको उपस्थिति हुँदाहुँदै पनि उचित बजार नियन्त्रण हुन नसकेपछि कालाबजारियाहरु हौसिएका छन् । जति मूल्य बढाए पनि नियन्त्रण गर्ने कोही छैन भन्ने भ्रम पालेर व्यापारीहरुले मूल्यमा एकाधिकार कायम गरेका छन् । नजिकिँदै गरेको चाडपर्वको अवसरमा बजारमा अनियमितता अझ बढ्ने हुँदा स्थानीय प्रशासनले अन्य सरोकारवाला निकायबीच समन्वय गरेर तत्काल प्रभावकारी कदम चाल्नु आवश्यक भइसकेको छ । बजार व्यवस्थापन, मूल्यवृद्धि नियन्त्रण, कृत्रिम अभाव र मिसावट रोक्न स्थानीय प्रशासनसँगै स्थानीय तहका जनप्रतिनिधि पनि अग्रसर हुनुपर्छ ।

राज्यका नियमनकारी निकायहरु मूकदर्शक भएर बस्ने होइन कि आमनागरिकको सरोकारका विषयमा तत्काल प्रभावकारी कदम चाल्नुपर्ने खाँचो महसुस गरिएको छ । कालाबजारीयाहरुले आमउपभोक्ताको ढाड सेकेर आर्थिक शोषण गरिरहेको वर्तमान स्थिति तत्काल अन्त्य हुनुपर्दछ । स्वदेशमै र स्थानीयस्तरमा उत्पादित वस्तुहरुको पनि अस्वाभाविक ढंगले मूल्यवृद्धि भएपछि उपभोक्ताहरु अहिले यसको जवाफ खोजिरहेका छन् । उत्पादन र वितरणसँगै बजारमूल्यलाई नियन्त्रणमा राख्न छुट्टै सरकारी निकायको आवश्यकता सर्वसाधारणले महसुस गरिरहेको अवस्थामा सबै तहका सरकारले यसलाई गम्भीररुपमा मनन गर्नु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७१, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३१ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ३० गते बिहीबार १५ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष पञ्चमी । जलगा ११४२ ने.सं. । सूर्योदय ५:४९, सूर्यास्त ६:०७ । षष्ठी श्राद्ध

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : नयाँ काम समय देखिन्छ | तुला | : सन्तानबाट सन्तोष मिल्नेछ |
| वृष | : अधुरा काम सम्पन्न हुनेछ | वृश्चिक | : कल्याणकरी कार्यको अवसर मिल्नेछ |
| मिथुन | : रिसाउने बानीले काम बिग्रनेछ | धनु | : व्यापार-व्यवसाय सामान्य रहनेछ |
| कर्कट | : नोकरीबाट असन्तोष बढ्नेछ | मकर | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ |
| सिंह | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ | कुम्भ | : आध्यात्मिक चेतना प्राप्त हुनेछ |
| कन्या | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ | मीन | : सवारी साधनबाट क्षति हुन सक्नेछ |

# नेतृत्वको विकल्प किन नखोज्ने ?

दिवस खनिया

कैयौं वर्षदेखि राजनीतिक दलहरूको गतिविधिकै कारण जनता आजित छन् । जताततै एउटै गुनासो, एउटै नैराश्यता अनि एउटै आरोप सुनिन्छ- देशको यो हालतको जिम्मेवार यहाँका नेता हुन्, कार्यकर्ता हुन् । यिनीहरूले नै देश बिगारे । माथिको भनाइमा आंशिक सहमत हुन सकिएला तर पूर्ण सहमत हुन पक्कै सकिँदैन । किनभने नेता भनेका कुनै अर्कै ग्रहबाट आएका 'एलियन' होइनन् कि जो अचानक प्रकट भएर हामीमाथि शासन गरून् ।

यी त हाम्रै समाजका सह-उत्पादन हुन् । तपाईं हाम्रै प्रतिनिधि अनुहार हुन् र तिनीहरूलाई जन्माउने हुर्काउने र मदमस्त हात्ती बनेर मात्तिने आधार प्रकट गर्ने स्वयम् हामी नै हौं । कुनै तेस्रो ग्रहको अदृश्य शक्तिले होइन । दोषी म हो, तपाईं हो र हामी सबै हौं ।

हाम्रो दुर्भाग्य हामीले नेता त जन्मायौं तर एउटा पनि राजनेता जन्माउन सकेनौं । शासक जन्मायौं तर एउटा पनि कुशल प्रशासक जन्माउन सकेनौं । स्वार्थी नेता मात्रै जन्मायौं । घुम्ने कुर्सीमा जन्मजात तानाशाह भएर कोही जन्मँदैन । तिनीहरूलाई त्यो स्थानमा पुर्याउने हामी हौं, मोहनदासलाई गान्धी बनाउने हामी हौं । आखिर दोष तपाईं हाम्रो पनि छ ।

दुर्गम झुपडीमा जन्मेर सिंहदरबारको कुर्सीमाथि विराजमान गराएर श्री ८ बनाउने पनि हामी नै हौं । टोल टोलमा टोलेराजा जन्माएर पिर्के सलामी दिने पनि हामी नै हौं । उनीहरूको झोला बोकेर, चाप्लुसी गरेर, हरेक गल्तीलाई सही भन्दै अन्धभक्त समर्थक भएर तिनीहरूभित्र सुतेको जंगबहादुर जन्माउने पनि हामी नै हौं । हिटलर, मुसोलोनी जन्माउने हामी हौं ।

सही व्यक्ति, सही स्थान छुनोट गर्न नसकेर गलत व्यक्तिलाई सत्तामा पुर्याउने अनि बर्बाद गर्यौं,सखाप गर्यो भनेर आँसु बगाउने पनि हामी नै हौं । दोषी नेताहरू होइनन्, प्रमुख दोषी हामी हौं, जसले प्रजातान्त्रिक संकारमा व्यक्ति चुन्न पाउने अधिकारको सही प्रयोग गर्न जानेनौं र अनुपयुक्त पात्रलाई अनुपयुक्त स्थानमा चुनेर पठायौं ।

कसरी भन्न सक्छौ नेताले बिगार्यो देश भनेर ? देश बिगार्ने, भ्रष्टाचार गर्ने, देशको भूगोल बेच्ने दुस्साहस कसरी पैदा भयो नेतामा ? अर्को मुसोलिनी कसरी जन्मियो नेताभित्र ? गोयबल्स शैलीका हामीहरूको क्षमताले महात्मा गान्धी कहिल्यै जन्मिन्नन् । हामीले जन्माउने भनेको हिटलर हो र अहिलेसम्म जन्माएका पनि हिटलर नै छौं । कुन नैतिकताले आरोप लगाउँछौ मात्र नेता कार्यकर्तालाई ? र, आफू पानीमाथिको ओभानो बनेर बस्छौ ? कागतीको बिरुवा रोप्छौ अनि कराउँछौ आँप किन फलेन भनेर ? सिस्नु रोप्छौं अनि गाली गर्छौं गुलाब किन फुलेन भनेर ? रोप्नुभन्दा पहिले सोचेनौ कि तिमी के रोप्दैछौ ? तिमीलाई थाहा छैन ? जे रोप्यो त्यही फल्छ, यो प्रकृतिको नियम हो । यो कुरासम्म हामीले बुझ्न सकेनौ भने अरुलाई सरापेर हुन्छ ? नेतालाई गाली गरेर हुन्छ ?

देश भनेको घर हो । कहिले सोच्यौ घर बनाउने गलत मिस्त्री छनौट गर्दा के हुन्छ ? गलत मिस्त्री छनौट गरेर घरको छानोको जिम्मा दिने अनि त्यही छानो भत्केर घाइते हुने हाम्रो नियति हो । र,यो नियति हामी वर्षौंदेखि भोगिरहेका छौं । ठोकेरै भन्छु, अझै कैयौं वर्ष भोग्ने पनि छौं, त्यति बेलासम्म जबसम्म हाम्रो चेतनाको दियो बल्दैन । त्यति बेलासम्म जबसम्म हामीभित्र स्वाभिमानी नागरिक जन्मिँदैन ।

कुन इतिहासमा लेखिएको छ, हामीलाई अरुले बनाएर दिन्छ भनेर ? जे बनाउनु छ आफैं बनाउनु छ । जे रोप्नु छ आफैं रोप्नु छ र जुन बीउ रोप्यौं, त्यसैको फल काट्नु छ । दोषी कुनै सती होइनन् । न त सतीले सरापेको नेपाल खाल्डो नै हो । दोषी तिमी, दोषी म, दोषी हामी हौं । हाम्रो चरित्र दोषी हो । हाम्रो चेतनास्तर दोषी हो । हाम्रो चाकरीबाज अनि शक्ति । सत्ताको 'जी-हुजुरी' गर्न बेचिएको नैतिकता दोषी हो । नेताहरूलाई दोष दिनुभन्दा अगाडि किन सोच्दैनौं हामी ? एकपटक होइन, बारम्बार गलत छनौट किन ? एक पटकको धोकाले नचेतेर बारम्बारको धोका किन ?

थाहा छ फोहोर भइसक्यो, गन्हाइ सक्यो । तैपनि त्यही बासी सडेगलेको अचारमा फिंगाजस्तै भन्किरहने हामी किन ? कहिलेसम्म हामी झोले भनेर बस्ने ? कहिलेसम्म पार्टीका हनुमान छाप भएर जिन्दगी बिताउने ? कहिलेसम्म भ्रष्ट नेताहरूका धूर्त पासाहरूको शकुनी खेल हेरेर रमाउने ? हामीले बुझिसक्यौं यी भ्रष्टहरूबाट देश बन्दैन । फेरि किन यिनै धृतराष्ट्रहरूको जिम्मा लगाउँछौं आफ्ना सपना, रहर र सन्तानका भविष्य ?

दोषी कोही एकजना होइन । दोषी हामी सबै हौं । ज-जसले यी भ्रष्टहरूलाई देश बनाउने जिम्मेवारी दियौं, समर्थक बन्यौं । थाहा थियो, यी आफू बन्नेहुन् तर देश बन्ने छैन । आफू बाँच्ने छन् तर देश हार्नेछ । आफू जिउने छन् तर हाम्रा सपना मार्ने छन् । आज पनि त्यही देखाए फेरि हाम्रै सपनाहरूको सामूहिक चिहानमा उभिएर फेरि हाम्रै घरदैलोमा आइसकेका छन् भोट माग्न, चुनाव जित्न । धूर्त ओठहरू बाहिर कृत्रिम मुस्कुराहट बोकेर,गुलाफको फूलभित्र छुरा लुकाएर । तैपनि हामी यिनीहरूमाथि नै भरोसा गर्नेछौं । जिम्मेवारी दिनेछौं, आफ्नो रोएको भुतबाल र रुँदै गरेको वर्तमान सजाउन । बाजे बराजुको पालदेखि देख्दैछौं कहिल्यै घर बनाएनन् यी आधुनिक नेताले । अनि भित्रभित्र बुझेका पनि छौं, यिनीहरूको हातबाट हाम्रो सुन्दर घर कहिल्यै बन्दैन पनि । तैपनि एक पटक होइन, बारम्बार उनीहरूलाई नै अक्षितयारनामा दिएर पठाउँछौं । आखिर किन ? फेरि उनीहरुकै सपनाभित्र हाम्रो घर बनाउने, हाम्रो जिन्दगीमा सुख समृद्धि ल्याउने सपना देख्छौं । फूलमाला लगाएर पठाउँछौं । अरु धेरै धेरै नेताहरूको ठूलो हुलमा नयाँबानेश्वरतिर तर ऊ सत्ताको सिंहासनमा हराउँछ । मदहोस भएर श्रीपेच लगाएर बस्छ । चिन्दैन हामीहरूलाई । गन्दैन कसैलाई । आफू हिंडेको आँगन बिर्सिन्छ र आफू अडेको जमीन चिन्दैन । आखिर कहिलेसम्म यी नेताहरूको विश्वासमा आफ्नो भविष्य तहसनहस गर्ने हामी ?

भूतकाल बर्बाद भएको छ । वर्तमानको अत्तोपत्तो छैन । भविष्य अन्धकारमय छ । अब त किन विकल्प नखोज्ने हामी ? आजको आवश्यकता भनेको झूटो नारा र उग्र राष्ट्रवाद होइन । खानेपानी हो, स्तरीय विद्यालय हो, बाटोघाटो हो, स्वास्थ्य हो । कसैले अकालमा मर्न नपरोस् । एउटा उचित अस्पताल होस् । हिँड्न लायक सडक र गुड्नलायक आँगन होस् । स्तरीय खानेपानी र शिक्षा होस् ।

मेरो पार्टीको हो, मेरो खानदानी नेता हो । व्यक्ति जस्तो होस्, पार्टीले जिते पुग्छ । धरातलमा केही होस् नहोस् नाराले जिते पुग्छ । हो वास्तवमा हामी सबैको मानसिकता नै यस्तो छ । कहिलेसम्म यी गैरजिम्मेवार नेताहरूबाट सुन्दर फूलबारी, यो प्यारो नेपाल लुटाइरहने ? भत्काइरहने ? अनि हामी टुनुटुनु हेरिबस्ने लाचार भएर ? निरीह भएर । भूपि शेरचनले भने जस्तै हामी आँखा देख्दैनौं । हामी दिमाग भएर पनि दिमाग नभएका मूर्ख हौं । मरुभूमिमा छाडिएका एक हूल भेडा हौं ।

यी भत्किएका सडक अनि च्याति्एका रहरहरू हामीलाई गिज्याइरहेछन् । आखिर कहिलेसम्म ? हामी नेपाली जो पर्यौं । धेरै बुद्धिमान छौं र पो बारम्बार दूधको चौकीदारी गर्न बिरालोलाई पठाइरहन्छौं । अनि सपना पनि देखिरहन्छौं, भोलि यो दूध जमेर दही बन्नेछ अनि त्यो दहीबाट मीठा मीठा परिकार बनाएर खानुपर्छ भनेर । भोका कुपोषणले ग्रसित बच्चाहरूलाई पनि खुवाउनुपर्छ भनेर ।

तर दुर्भाग्य त्यो दही कहिल्यै जमेन र लेखेर नै राख्नुहोला यी गैरजिम्मेवार नेताहरूको हाताबाट कहिल्यै जम्ने पनि छैन । फेरि एकपटक भन्नु- दुनियलै सुनोस्, संसारले सुनोस् । यी डाँडाकाडा भीर पखेराले सुनोस् । अहिले नेताहरूको व्यवहारको व्यापक विरोध भएको छ । पछुताएका छन् टोलवासीहरू, धिक्कार्दै छन् आफैंलाई । तर यो पछुतो धोरै हो । यो धिक्काराइको कुनै अर्थ छैन । फेरि चुनाव आएको छ, सत्ताको माड खाएर झन् बलियोबांगो भएका यी नेताहरू सिंहासनबाट झरेका छन् र फेरि चुनाव लड्न गाउँ टोल छिरिसकेका छन् ।

अहिले जति नै एकअर्काका दुश्मन भए पनि चुनावपछि फेरि यी जुधेका नेताहरूबीच कार्यगत एकता हुन्छ, मोलमोलाइ हुनेछ । बगैंचाहरू भाग लगाइनेछन् । हाम्रा सपनाहरूमाथि बार्गेनिङ चल्नेछ । कुनै योजना छैन उनीहरुसँग । कुनै सपना देखेका छैनन् यिनीहरूले । केही भिजन बनाएका छैनन् । यी त केवल सपना देखाउन आएका हुन् । भावना किन्न आएका हुन् । सम्मान थापेर आफूलाई जंगबहादुरको सन्तान सम्झिँदै मच्चिन आएका हुन् । कलाविहीन कलाकार हुन्, कलाकारिता देखाउन आएका हुन् । फेरि जनतालाई आफ्नो प्रतिनिधि चुन्ने अवसर आएको छ । आफ्नो भाग्यविधाता, आफ्नो सुन्दर बगैंचाको चौकीदारको छनौट गर्ने अवसर आएको छ । अब भने केही नयाँ सपना देख्नुपर्छ । केही नयाँ सम्भावनाहरू खोज्नुपर्छ । भावनाले होइन, विवेकले चलाउनुपर्छ आफूलाई । यी जुधेका नेताहरूको विरुद्धमा भिजनको आवाज गुन्जिनुपर्छ । सपनाको मार्गचित्र कोर्नुपर्छ । नयाँ सपना देख्नुपर्छ ।

हाम्रा अँधेरा भीरपाखामा पनि बत्ती बल्छ कि ? हाम्रो सुकेको आँखाले पनि सपना देख्छ कि ? हाम्रो हाँसो हराएको उजाड ओठमा पनि लाली छाउँछ कि ? एउटा विश्वास लिएर फुलाउनुपर्छ, आउने बसन्तमा नयाँ पालुवाहरू, नयाँ सपनाहरू र नयाँ सम्भावनाहरू ।

अब बुझ्नुपर्छ हामीले उनीहरु पहिलेभन्दा झन हड़ाकट्टा भएर आएका छन् । अब उनीहरुको हिँडाइले जमीन थर्किन्छ । फेरि एकपटक सपना बोँड्नेछन् । आश्वासन बेच्नेछन् र फेरि सपनाहरूको हत्या गर्नेछन् । चटक सुरु हुनेछ, कलाकारिता सुरु हुनेछ । फकिनेहरू फकइनेछन्, बिक्नेहरू किनिनेछन् । पैसाको खोलो बगाइनेछ र स्वाभिमानको आवाज गुन्जाउनेहरूलाई रणनीतिकार षड्यन्त्रकारीको आरोप लगाइनेछ ।

हामी फेरि पनि यिनै नेताहरूका झूटा सपनामा आफूलाई बेच्नेछौं । किनकि यी नेताहरू त पुराना पो हुन् । यिनीहरू त आफ्नै पो हुन् । मेरा बाजे बराजुले मान्दै आएका, मेरा बाउबाजेको पालादेखि चुनिँदै आएका । हामी आस्थाका राजनीतिप्रति विश्वास लिनेहरू । अहँ, अरु कोही चाहिन्न अब हामीलाई ।

धेरैले भन्छन्, नयाँहरूको के भरोसा ? यिनै नेताहरूले बनाउने छन् हाम्रो फुलबारी । सिंगार्ने छन् हाम्रो करेसाबारी । 'यो नेता, त्यो नेता' भन्नु केही छैन । हामी परिवर्तन हुन चाहन्नौं र परिवर्तन भएको पनि हेर्न सक्दैनौं आफूलाई । चुनावमा जुन मूर्ख उठे पनि हुन्छ । किनकि हामीले कुनै सेवक जिताउनु छैन, शासक जिताउनु छ । हाइकमान्डबाट जसलाई खटाइएको छ, त्यसैलाई जिताउने छ ।

देश बनाउँछु भनेर हिँडेका त्यो हूलमा सम्भावना भएका अनुहार पनि छन् । परिवर्तनका सम्भावना पनि छन् तर हुन कदापि हुन्न । हामीले तिनीहरूलाई कदापि छान्नु हुन्न । किनकि ती हाम्रो पार्टीका होइनन् । हाम्रो बाउले जिताएकावाला होइनन् । हाम्रो बाजेले रुचाएका होइनन् । जति नै गन्हाएको किन नहोस्, त्यसैलाई चुन्नु छ । जति नै धूर्त किन नहोस्, त्यसैलाई छान्नु छ, किनकि त्यो मेरो हो । मेरो पाटीको हो, मेरो खानदानी नेता हो । व्यक्ति जस्तो होस्, पाटीले जिते पुग्छ । धरातलमा केही होस् नहोस् नाराले जिते पुग्छ । हो, वास्तवमा हामी सबैको मानसिकता नै यस्तो छ । अनि देश कसरी परिवर्तन हुन्छ ?

*लेखक टेलिभिजन कार्यक्रम निर्माता तथा प्रस्तोता हुन् ।* *-साभार: रातोपाटी*

# वृद्धतन्त्र अति भो, नेपालको धेरै क्षति भो

पार्टीका नेताहरुको विचार सुन्छु, पढ्छु, हरेक पल आफू लज्जाभार भएको महसुस गर्छु । न कुनै भिजन, न कुनै सपना, न योजना, न कुनै भाषा, न शैली, न कुनै स्तर । खालि तुच्छ कटाक्ष, गाली-गलौज । के यस्तै हुन्छ राजनेता ?

तारा भट्टराई

आजकल राजनीतिक समाचार हेर्ने/पढ्ने जाँगर मरेको छ । देशमा सरकार, राजनीतिक दल र कुनै राजनेता छ जस्तो लाग्न पनि छाडेको छ । पार्टीका नेताहरूको विचार सुन्छु, पढ्छु, हरेक पल आफू लज्जाभार भएको महसुस गर्छु । न कुनै भिजन ? न कुनै देश बनाउने सपना ? न योजना ? न कुनै भाषा ? न शैली ? न कुनै स्तर ? कहीं कतै बोल्ने अवसर पायो कि त सत्तापक्षका नेताले विपक्ष पार्टीका नेतालाई र विपक्ष पार्टीका नेताले सत्ता पक्षका नेतालाई तुच्छ कटाक्ष हानेको छ । गाली/गलौज गरेको छ । के यस्तै हुन्छ राजनेता ? के यस्तै नेताहरूबाट देश तथा जनताको भाग्य बदल्न सम्भव हुन्छ ?

दशकौंदेखि सरकार तथा राजनीतिक पार्टीहरूमा मुष्ठीभर व्यक्तिले पद तथा पावर ओगटेर बसेका छन् । युवा नेताका रुपमा राजनीतिमा छिरेका नेताहरू सबै वृद्धभत्ताका हकदार भइसकेका छन् । यस अवधिभित्र यिनीहरूको जीवन र जीवनशैली पूरा रुपान्तर भएको छ । परिवार, नातेदार, आसेपासे, चेला/चपेटा सबैको भविष्य पनि सुनिश्चित भइसकेको छ । तर यिनीहरूबाट न देश उँभो लाग्यो न जनताको दुःख, पीडा तथा गरिबी नै घट्न सक्यो ? अझै संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको मानव विकास प्रतिवेदन २०२-२२ अनुसार १९२ देशहरूमध्येमा नेपाल १४२ औं स्थानमा छन् ।

आठवटा सार्क राष्ट्रहरूमध्ये नेपाल, पाकिस्तान र अफगानिस्तानभन्दा मात्र अगाडि छन् । तर आश्चर्य लाग्छ, यी र यस्ता समाचार तथा घटनाहरूबाट यी नेताहरूलाई रत्तिभर पनि लज्जा, ग्लानि र अपराधबोध हुँदैनन् । यसैले नै होला आउँदो मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनलाई लक्षित गर्दै भन्दै हिँडेका छन्, फेरि एकपटक देश तथा जनताले मेरो नेतृत्व खोज्दै छ । उदेक लाग्छ, यिनीहरूको सत्तामोह देखेर । अब त अति भो । भनिन्छ नि- इनफ इज इनफ । साँच्चै भन्नुपर्दा गएको वैशाखको स्थानीय निर्वाचनमा काठमाडौं महानगरपालिकाका मेयरमा स्वतन्त्र उम्मेदवार बालेनको टीभी च्यानेलहरूबाट उनको काठमाडौं बनाउने योजना, उनको गहन विचार सुनेपछि र उनीमाथि जनताको 'क्रेज' देखेपछि पहिलो पटक देशमा विद्यमान पार्टी तथा यिनीहरूका उम्मेदवारहरूप्रति वितृष्णा जागेको थियो मेरो ।

त्यसपछि धरानका स्वतन्त्र मेयर उम्मेदवार हर्क साम्पाङ र बालेन शाहको उल्लासमय जित र लगत्तै उनीहरूले आफ्नो क्षेत्रमा सुरु गरेको काम, त्यसको प्रगति र जनतामा त्यसको प्रभाव देखेपछि । देशमा भएका सबै पार्टी र त्यसका नेता तथा कार्यकर्ताहरू सोत्तर भएको हेर्ने लालसा आफूभित्र तीव्र हुँदै गएको मैले महसुस गरें र अझै गर्दैछु पनि ।

जनता जनार्दन भन्ने गरेको सुनेको थिएँ । यसको साक्षात्कार गर्ने दिन आए झैं लाग्दै छ । हर्क साम्पाङले चुनाव जित्नु अगडिसम्म उनीलाई कति जनताले पत्याएको थियो र ? यस्तै मेयरको उम्मेदवारी दिन अगाडि ञापप्रेमी केही युवाहरूका जमातले बाहेक देशका आम नागरिकले बालेनलाई कहाँ चिनेको थियो र ? तर मेयर भएको १०० दिन हुँदा नहुँदै देशका मैं हुँ भन्ने नेता, मन्त्री, प्रधानमन्त्री र राष्ट्रपति भन्दा बालेन कति गुणाले लोकप्रिय भएछ भन्ने कुरा यो वर्ष वसन्तपुर गद्दी बैठकसामु इन्द्रजात्राको भव्य उत्सव भइरहँदा त्यहाँ उपस्थित जनलहरले बालेन बालेनको नारा लगाउँदा वसन्तपुर डबली गुन्जायमान भएको सुने/देखेपछि भने सारा सत्यतथ्य नेपालीसामु छताछुल्ल भएको छ ।

यतिले मात्रले पनि कहाँ रोकियो र बालेनको क्रेज ? र उनीप्रति जनताको माया, आस्था र विश्वास ? फेसबुकका बालहरूभरि बालेन वसन्तपुर परिसर आउँदा/जाँदा उनी सामु पुग्न, उनीसित हात मिलाउन, फोटो खिच्न मानव सागर उर्लिएको फोटो तथा भिडियोहरू छुरपस्ट पोष्ट भइरहेका छन् । यस्तै वसन्तपुर गद्दी बैठकबाट बालेन र बालेन पत्नीले इन्द्रजात्रा हेरिरहेको फोटोसँगै नेपालीका अति प्रिय दिगंवत राजा वीरेन्द्र र रानी ऐश्वर्यको त्यही स्थानबाट इन्द्रजात्रा हेरिरहेको फोटो पोस्ट गरी बालेनलाई जनताले दिएको उच्च सम्मान आश्चर्यचकित पार्ने घटना बनेको छ । यो सबै बालेनले अत्यन्त छोटो समयमा देश र जनताको हितमा विनास्वार्थ निष्काम कर्म गरेको परिणाम हो ।

जनतामा देखिएको उत्साह हर्क साम्पाङ र बालेनमा मात्र सीमित छैन । रवि लामिछानेमाथि पनि जनलहर उत्तिकै बढ्दै गएको देख्छु म । उनी जुन/जुन जिल्ला र प्रदेश पुगे, त्यहाँका जनताले खुला ह्रदयले स्वागत गरेको पाएको छु । वृद्धवृद्धाहरूसमेत कार्यक्रम स्थलसम्म पुगेर भावविभोर हुँदै आशीर्वाद दिएका दृश्य युट्युबमा हेर्न सकिन्छ । उनको नेपाल स्वतन्त्र पार्टीमा देशका बौद्धिक, युवाहरूका जमात आबद्ध हुने क्रम बढ्दो छ । यस्तै अर्को पाटोतिर देशका चिरपरिचित विज्ञ र लामो समयदेखि समाजसेवामा लागेका युवाहरू पनि आउँदो मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा स्वतन्त्र तथा अन्य पार्टीहरूबाट आफ्नो उम्मेदवारी घोषणा गर्न थालेका छन् ।

देरुशमा यसरी मंसिर ४ गतेको निर्वाचनका लागि उम्मेदवारी दिइरहेको चर्चा गरिरहँदा केही समयदेखि विभिन्न पत्रपत्रिकामा म्यारीबाट महावीर पुन र माओवादी पार्टीको तर्फबाट कुलमान घिसिङले पनि उम्मेदवारी दिँदै छन् भन्ने खबर आफूले पढेको प्रसंग उप्काउन मन लाग्यो । साँच्चै यी दुबै राष्ट्रका रत्नहरूलाई पनि राजनीतको चस्का लागेकै हो त ? मलाई त रत्तिभर पनि विश्वास लागेको छैन ।

म विश्वास गरेर आफूलाई दुःखी र विचलित तुल्याउन पनि चाहन्न । कुलमान घिसिङ र महावीर पुन दुबै राजनीतिभन्दा धेरै माथिल्लास्तरका मानिस हुन् । यी दुबै मेरो मात्र नभइ जनताकै हिरो हुन् । यिनीहरूले राजनीतिक समुद्रमा डुबुल्की लगाएको म हेर्नै चाहन्न । अब मंसिर ४ गते सम्पन्न हुने निर्वाचनबाट देशले बालेन, हर्क जस्तै अन्य थुप्रै कुशल, योग्य, विज्ञ, देशप्रेमी राजनेता पाउने निश्चित छ । तर कुलमान घिसिङ र महावीर पुनको कुरो भने बेग्लै हो । म त ईश्वरमाथि विश्वास गर्ने आस्तिक मान्छे । ईश्वरले यी दुबैलाई उनीहरू जुन क्षेत्रमा लागेका छन्, त्यसैका लागि बनाएका हुन् भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

अन्तमा, ईश्वरसित मेरो यही प्रार्थना छ, देशका कुनै पनि पार्टीले यिनीहरूलाई अपहरण नगरियोस् । अबको आसन्न निर्वाचनमा स्वतन्त्रबाट होस् या देशका कुनै पनि पार्टीबाट होस् नेपाल आमाका सच्चा, योग्य र होनहार सन्तानहरूले अत्यधिक मतले विजय हासिल गर्न सकोस् । चाँडो भन्दा चाँडो नेपालीले आफ्नै देशमा, आफ्नै परिवारसित सुख शान्तिले आफ्नो हातको दश नङग्रा खियाएर सगरमाथा झैं शीर उच्च पारेर बाँच्न पाओस् । सबै नेपालीको जय होस् ।

*-साभार: इकागज*

# नाजिरसँग साथीभन्दा माथिको सम्बन्ध छैन: *नम्रता श्रेष्ठ*

काठमाडौं/ नेपाली फिल्मकी 'जुनियर' नम्रता श्रेष्ठले फिल्म 'गाँठो'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी थिइन् । यसको लामो समयपछि उनले फिल्म 'माछा माछा'बाट कमब्याक गरिन् । तर, दुर्भाग्य ! दुवै फिल्म सफलताबाट बञ्चित भए । नम्रता फिल्मभन्दा अभिनेता नाजिर हुसेनसँगको सम्बन्धका कारण बढी चर्चामा रहने गरेकी छन् । लकडाउनको समयमा उनीहरुबीच अफेयरको चर्चा चलेको थियो ।

तर, नम्रताले नाजिरसँग आफ्नो प्रेम सम्बन्ध नभएको स्पष्ट पारेकी छन् । मंगलवार आफू अभिनीत 'नारी' बोलको म्यूजिक भिडियो सार्वजनिक कार्यक्रममा उनले भनिन्, 'नाजिर मेरो एकदमै मिल्ने साथी हो । हामीबीच असल मित्रता छ । तर, प्रेम सम्बन्ध छैन । हामीबीच कहिल्यै साथीभन्दा माथिको सम्बन्ध रहेन र हुने पनि छैन ।' नम्रता र नाजिरले फिल्म 'गाँठो'मा सँगै काम गरेका थिए ।

उनले आफू अभिनीत फिल्म असफल हुँदा नराम्रो लाग्ने गरेको अनुभव पनि साटिन् । 'फिल्मको असफलताले करिअरमा असल गर्छ भन्ने त लाग्दैन । तर, आफूले गरेको काममा सफलता नआउँदा निराश चाहिँ पक्कै भइदो रहेछ । किनकि, फिल्मको काम दुई दिनको हुँदैन, एक वर्षभन्दा बढी लाग्छ । तर, मैले हरेश खाएको छैन । अझै राम्रो गर्छु भनेर अगाडि बढेको छु,' नम्रताले भनिन् ।

लकडाउनयता उनले बढीजसो समय जिममा बिताइरहेकी छन् । उनले शरीरमा एब्स समेत निकालेकी छन् ।

आफूले एउटा नयाँ फिल्म साइन गरेको र त्यसमा एक्सन भूमिका भएकाले शरीर कसिलो बनाउन जिममा धेरै वर्कआउट गरेको उनको भनाइ छ । नम्रता श्रेष्ठसँग नाम मिलेका कारण समस्या हुने गरेको भए पनि आफ्नो छुट्टै पहिचान बनाउन मिहिनेत गरिरहेको उनी बताउँछिन् ।

नम्रताले अभिनय गरेको 'नारी' गीतमा प्रज्वल श्रेष्ठको संगीत र स्वर छ भने गायक श्रेष्ठ र स्याडडे पोपटको शब्द रचना छ । गीतमा न्याप श्रेष्ठ र पोपट दुवैको छ । भिडियो र अडियो प्रोडक्सन कम्पनी मुनस्टोन प्रोडक्सनले निर्माण गरेको गीतको भिडियोमा नम्रताले घरेलू हिंसाबाट पीडित महिलाको भूमिका निभाएकी छन् । भिडियोमा अनिस मगर र यूनिका केसीको पनि अभिनय रहेको छ । -फिल्मीखबर

# विपन्न नागरिकलाई रक्तसञ्चार सेवा नि:शुल्क

चितवन, २८ भदौ (रासस)/ बागमती प्रदेशभित्रका नागरिकलाई अत्यावश्यक रक्तसञ्चार सेवा नि:शुल्क हुने भएको छ ।

प्रदेश सरकारले विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधिबमोजिम आर्थिकरुपले विपन्न नागरिकलाई यस्तो सेवा सुरु गरिएको हो ।

जिल्लामा पनि सेवा सञ्चालनका लागि स्वास्थ्य कार्यालय चितवनले क्षेत्रीय रक्तसञ्चार केन्द्र भरतपुरसँग सम्झौता गरेको छ । स्वास्थ्य कार्यालयका प्रमुख दुर्गादत्त चापागाई र नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्रका सभापति ज्ञानशाली न्यौपानेले सम्झौतापत्रमा हस्ताक्षर गरेको हो । तीन वटा अस्पतालका प्रतिनिधिको रोहबरमा सम्झौता भएको हो ।

कार्यालयका प्रमुख चापागाईले असोज १ गतेबाट भरतपुर अस्पताल, वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र बकुलहर रत्ननगर अस्पतालमा उपचाररत बिरामीलाई रगत नि:शुल्क उपलब्ध गराइने बताए ।

कार्यविधिअनुसार एउटा बिरामीले एक वर्षमा १० युनिट रगत नि:शुल्क पाउने छ । डायलासिस र रक्ततत्व आवश्यकपर्ने बिरामीका लागि थप १० युनिट नि:शुल्क हुनेछ । आकस्मिक अवस्थामा रहेका घाइते र बिरामीलाई भने प्रदेश सरकारले जहाँका बिरामी भए पनि नि:शुल्क उपलब्ध गराउने छ ।

बिरामीले नि:शुल्क सेवा लिनका लागि आफू बागमती प्रदेशको वासिन्दा भएको खुल्ने कागजपत्र पेश गर्नुपर्ने हुन्छ । चापागाईले भने, "यो सेवा लिनका लागि आवश्यक कागजात पेश गर्नुपर्ने भएकाले सोहीअनुसार अनुरोध गर्दछु ।" नि:शुल्क रगत लिनका लागि विपन्न नागरिक भएको स्वघोषणा गर्नुपर्ने हुन्छ । यसका लागि कुनै प्रमाण माग नगरी स्वघोषणा फाराम भरे पुग्ने गरी व्यवस्था गरिएको छ ।

कार्यालयले एक वर्षका लागि तीन हजार आठ सय युनिट रगतका लागि बजेट विनियोजन गरेको छ । हाल रगतका लागि केन्द्रले सेवा शुल्कबापत आठ सय ५० लिँदै आएको छ । जिल्लामा दैनिक एक सय ५० युनिट हाराहारी रगतको माग हुने गर्दछ । यहाँबाट माग पूर्ति गर्न नसकेर छिमेकी जिल्ला, काठमाडौं, पोखरालगायतका ठाउँबाट रगत ल्याउने गरिएको छ । यस कार्यक्रमसँगै यहाँका तीनवटा अस्पतालमा उपचारका लागि आउने विपन्न वर्गका बिरामी प्रत्यक्ष लाभान्वित हुने भएका छन् । दुर्घटना, क्यान्सर र सुत्केरीले तीन अस्पतालमा धेरै रगत खपत हुँदै आएको छ ।

## १६ वर्षपछि पक्राउ

काठमाडौं, २८ भदौ (रासस)/ नेपाल प्रहरीले ज्यान मार्ने उद्योगमा फरार एक जनालाई १६ वर्षपछि पक्राउ गरी जेल चलान गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले विसं २०६३ साउन २ गते काठमाडौं महानगरपालिका वडा नं ३२ कोटेश्वर चोकमा मनोज खड्काको हत्यामा संलग्न कुमार तामाङ भन्ने राजकुमार मगरलाई पक्राउ गरी आइतबार डिल्लीबजार कारागार चलान गरेको हो ।

साथीको जन्मदिन मनाउने क्रममा झगडा हुँदा विसं २०६३ साउन २ गते राति १० बजे गम्भीर घाइते भएका खड्काको भोलिपल्ट बिहान ५ बजे उपचारका क्रममा मृत्यु भएको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले कर्तव्य ज्यान मुद्दामा पक्राउ परेका मगरलाई जिल्ला अदालतको आदेशानुसार कारागार चलान गरेको जानकारी दिए ।

प्रवक्ता मैनालीका अनुसार कर्तव्य ज्यान मुद्दामा फरार रहेका मगरलाई विस २०७९ साउन ३० गते कतार प्रहरीको सहयोगमा पक्राउ गरी काठमाडौं ल्याइएको हो । जिल्ला अदालतको आदेशअनुसार मगरलाई आइतबार डिल्लीबजार कारागार चलान गरिएको प्रवक्ता मैनालीले बताए ।

# अघि बढ्यो तीनकुने पुल निर्माण

काठमाडौं, २८ भदौ (रासस)/ लामो समयसम्म अलपत्र रहेको तीनकुनेस्थित बागमती पुलमा नयाँ ठेक्कामार्फत निर्माणका लागि प्रक्रिया अघि बढाइएको छ ।

पहिलो पटक निर्माण सुरु भएको झण्डै आठ वर्षपछि पुन:नयाँ प्रक्रियामार्फत निर्माण अघि बढाइएको हो ।

निर्माण व्यवसायी आफैंले नै डिजाइन गर्नेगरी (डिजाइन एण्ड बिल्ड) मार्फत निर्माणका लागि प्रक्रिया अघि बढाइएको काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले जनाएको छ । कूल ४२ महिनामा सम्पन्न गर्नेगरी यसको ठेक्का वाइ/पि/किरातेश्वर जेभीलाई दिइएको छ ।

गत महिना ठेक्का भएकामा अहिले पेश्की दिइएको र कम्पनीले काम सुरु गर्न लागेको आयोजनाका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए ।

सो ठेक्काको रकम २४ करोड ५९ लाख ६७ हजार रहेको छ । यसअघिको निर्माण कम्पनीले गरेका निर्माणमा केही भाग मात्रै स्वीकार गरिएको उनले बताए । उनले भने, "दुवैतिरको पिलर थोरै मात्रै बाँकी रहन्छ ।"

यसअघि पप्पु कन्स्ट्रक्सनले निर्माणको जिम्मेवारी लिएको थियो । कम्पनीले गुणस्तरीय काम नगरेपछि सडक विभागले ठेक्का तोडेको थियो । निर्माण कम्पनीबाट जमानत जफत गरिसकिएको सूचना अधिकारी जोशीले बताए । उनका अनुसार नयाँ निर्माणका लागिसमेत कम्पनीले रकम बोहोर्नुपर्ने हुन्छ ।

'आर्स एन्ड ब्रिज' प्रविधिबाट निर्माण गर्न लागिएको पुल यसअघि निर्माणको जिम्मेवारी पाएको पप्पु कन्स्ट्रक्सन प्रालीको लापरबाहीका कारण अलपत्र बनेको थियो । सो कम्पनीले डिजाइनभन्दा फरक गरी निर्माण गरेको र त्रुटि सच्याउनभन्दा नमानेकाले त्यसलाई तोडिएको थियो । सो कम्पनीसँगको ठेक्का तोडिएपछि नयाँ प्रक्रिया सुरु गरिएको हो ।

सडक विभागले विसं २०७१ मा तीनकुने पुल र बिजुलीबजारस्थित पुल एउटै समयमा सुरु गरेकामा बिजुलीबजारस्थित धोबीखोला पुल तीन वर्ष पहिलेदेखि नै सम्पन्न भएर सञ्चालनमा छ । तीनकुने पुल पप्पु कन्स्ट्रक्सनसँग २१ करोडमा ठेक्का भएको थियो । सो पुल निर्माण व्यवसायीको बेवास्ताका कारण अघि बढ्न सकेको थिएन । विसं २०७५ मा निर्माण सम्पन्न हुनुपर्ने पुल अहिले आएर पुन:निर्माण सुरु गरिएको हो ।

पहिले जसरी नै अहिले पनि निर्माण व्यवसायी आफैंले डिजाइन गर्नेगरी 'डिजाइन एण्ड बिल्ड' मार्फत निर्माण अघि बढाइएको हो । यसअघि पुल निर्माणस्थलमा खानेपानी, विद्युतलगायतका संरचना हटाउन समय लागे पनि अहिले त्यो समस्या हटिसकेको छ ।

पुरानो कम्पनीसँगको ठेक्का तोडेर नयाँ ठेक्कामा जान झण्डै एक वर्ष लागेको छ । यसअघि निर्माण व्यवसायीले लापर बाही गरेको भन्दै निर्माणको काम सुरु भएको केही समयमा नै रोकिएको थियो ।

प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले पुल निर्माणमा समस्या देखिएको भन्दै त्यसलाई अघि नबढाउन र निर्माण व्यवसायीलाई कारबाही गर्न निर्देशन दिएको थियो । जगको काम हुँदा नै समस्या भएकाले त्यो अघि बढ्न सकेको थिएन ।

निर्माण कम्पनीले डिजाइनअनुसार काम नगरेको भन्दै सडक विभागले त्यसलाई सच्याउन भने पनि उसले अटेर गरेकाले ठेक्का तोडिएको थियो ।

यसअघि पनि पुल निर्माण कम्पनी आफैंले डिजाइन गर्ने 'डिजाइन एण्ड बिल्ड' गरी भएको सम्झौता भएकामा अहिले पुन:सोही प्रक्रियाबाट निर्माण अघि बढाइएको हो । यसअघि निर्माणको काम गरेको कम्पनीसँग ठेक्का अन्त्य भएपछि मात्रै नयाँ प्रक्रियामा जान बाटो खुलेको आयोजनाले जनाएको छ ।

यसअघि पुलको निर्माणमा ढिलाइ भएको र भएका काम गुणस्तरीय नभएर सरकारले गत आर्थिक वर्षमा ठेक्का तोडेको थियो । विसं २०७१ पुसमा सडक विभागले सो कम्पनीसँग साढे तीन वर्षमा निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको थियो ।

आयोजनाले काठमाडौंको व्यस्त सडकमा भएको सवारी चाप कम गर्न र सहरको सुन्दरता बढाउन भन्दै 'आर्स एन्ड ब्रिज' निर्माण अघि बढाएको थियो ।

मुख्य सडकका दायाँबायाँ दुई-दुई पुल निर्माण गर्न एउटै निर्माण कम्पनीसँग सम्झौता गरिएको थियो । बिजुली बजारस्थित पुल निर्माण सम्पन्न भएर प्रयोगमा आइसके पनि यो पुल निर्माण अघि बढ्न सकेको थिएन ।

नेपालमा नयाँ प्रविधिबाट सो पुल निर्माण गरिनेगरी सम्झौता गरिएको थियो । अरू सामान्य पुलमा तल्लो भागमा भार भए पनि यसमा भार माथिल्लो भागमा पर्ने विभागले जनाएको छ । अरू पुलको तुलनामा यसको अवधि लामो हुने विभागले जनाएको छ ।

काठमाडौं उपत्यकाको सवारी चाप बढिरहेको सडकमा माइतीघर(कोटेश्वर सडक छ । एक दशक पहिले छ लेनमा सडक विस्तार भएको थियो ।

सडक विस्तार भए पनि त्यहाँ पर्ने धोबीखोला र वाग्मती पुल साँघुरो भएकाले सवारी चाप कम नभएको भन्दै विभागले मुख्य पुलको दुवैतर्फ पुल निर्माणको योजना अघि सारेको हो ।

# 'अर्थतन्त्रका सूचकलाई बलियो बनाउनुपर्छ'

काठमाडौं २८ भदौ(रासस)/ सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हाले देश विकासका लागि अर्थतन्त्रका साना-साना सूचकलाई बलियो बनाउँदै जानुपर्ने बताएको छ ।

नेपाल बार एशोसिएशन र नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आर्थिक पत्रकारलाई दिएको साताथ्यापी व्यावसायिक कानुनसम्बन्धी तालिमको समापनमा उनले नेपालले खुला अर्थतन्त्रको नीति अवलम्बन गरेको स्मरण गराउँदै देशलाई दिगो विकासमा लैजान अर्थतन्त्रलाई थप चलायमान बनाउनुपर्ने धारणा राखे ।

अर्थतन्त्रका स-साना विषयले देश, समाज विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यस विषयमा सबै सचेत हुनुपर्ने आवश्यकता न्यायाधीश सिन्हाले औंल्याए । अर्थतन्त्रमा हरेक शब्द-शब्दको गहिरो अर्थ हुने गरेको उल्लेख गर्नुहुँदै त्यसको अर्थ बुझ्न सकिएन भने अर्थको अनर्थ लाग्ने उनले बताए ।

कार्यक्रममा एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले कानुन व्यवसायी वकालत गरेर पैसा कमाउने मात्र नभई समाजको अभियानकर्मी पनि भएको बताए । "कानुन व्यवसायी भनेको अभियानकर्मी पनि हो, व्यवसायीले पैसा कमाउने ध्येयमात्रै राखेको पनि हुँदैन", उनले भने, "उनीहरूको समाजप्रतिको दायित्व पनि हुन्छ ।" कार्यक्रममा एशोसिएशनका महासचिव अन्जिता खनालले आगामी दिनमा पनि सेजनसँगको सहकार्यमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाए । "आठदिने तालिम पूर्ण होइन, यो कार्यक्रमले सञ्चारकर्मीहरू विषयमा विज्ञ बन्नुहुन्छ भन्ने होइन", उनले भने, "यस्ता तालिमले सञ्चार कर्मीले उठाउने विषय कानुनीरूपमा कसरी जोडिन्छन् भन्ने जानकारी लिन केही सहयोग भएको छ ।"

कार्यक्रममा सेजनका अध्यक्ष जनार्दन बरालले सेजन र बारले आगामी दिनमा पनि क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने बताए ।

आठ दिने तालिममा बैंक तथा वित्तीय कानुन, विदेशी लगानी, अन्तर्राष्ट्रिय व्यापार, बीमा, वित्तीय कारोबार तथा करार, कर, बौद्धिक सम्पत्ति, आमसञ्चारसम्बन्धी कानुन, सानातिन खरिद कानुन, कर्पोरेट, धितोपत्र बजारसँग सम्बन्धित ऐनका बारेमा विभिन्न कानुन व्यवसायीले प्रशिक्षण दिएको थियो ।

तालिममा वरिष्ठ अधिवक्ता मेघराज पोख्रेल, सविता भण्डारी बराल, डा गान्धी पण्डित, मातृका निरौला, शिवप्रसाद रिजाल तथा अधिवक्ता अमरजिवी घिमिरे, सज्जनबरसिंह थापा, भरतकुमार लकाई, राजकुमार सुवाल, सन्तोष तिवारी, सेमन्त दाहाल, दीपक घिमिरे, धितोपत्र बोर्डका कामु कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ र प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले तालिम दिएको थियो ।

# साल्ट ट्रेडिङले दसैंअगावै तोरीको तेल उत्पादन गर्ने

काठमाडौं, २८ भदौ (रासस)/ दैनिक उपभोग्य वस्तुको आपूर्ति, उत्पादन र बजारीकरण गर्दै आएको साल्ट ट्रेडिङ कर्पोरेशनले तोरीको तेलको उत्पादनगर्ने भएको छ । दसैंअघिदेखि हेटौंडास्थित नेपाल वनस्पति उद्योगबाट शुद्ध तोरीको तेल उत्पादन गरी बजारमा ल्याइने कर्पोरेशनले जनाएको छ ।

तोरीको तेल उत्पादन गरेसँगै स्थानीयस्तरमा उत्पादित तोरीको खपत बढ्ने र उपभोक्ताले सुपथ मूल्यमा गुणस्तरीय तोरीको तेलको उपभोगगर्न पाउने कर्पोरेशनका विभागीय प्रबन्धक बब्बेशकुमार झाले बताए ।

कर्पोरेशनले अहिले आयोडिनयुक्त नून, एसटिसी ब्राण्डको खाना पकाउने ग्यास, चामल, गेडागुडी, स्थानीय उत्पादनलाई प्याकिङगरी उपभोक्तामाझ पुऱ्याउँदै आएको छ । पछिल्लो पाँच वर्षयता कर्पोरेशनको कारोबार निरन्तर बढिरहेको छ ।

आर्थिक वर्ष २०७२/७४ मा कर्पोरेशनले आठ अर्ब ५८ करोडको उपभोग्य वस्तुको बिक्री गरेको थियो । आव २०७४/७५ मा नौ अर्ब ६८ करोड, आव २०७५/७६ मा आठ अर्ब २५ करोड, आव २०७६/७७ मा नौ अर्ब ७४ करोड र आर्थिक वर्ष २०७७/७८ मा १० अर्ब ३९ करोडको उपभोग्य वस्तु बिक्री गरिएको कर्पोरेशनका अध्यक्ष कल्याण गोविन्द श्रेष्ठले जानकारी दिए । गुणस्तरीय सेवा र उत्पादनका कारण पछिल्लो समय कारोबार बढ्दै गएको उनको भनाइ छ । बिक्री बढ्नेसँगै कर्पोरेशनले वित्तीय अवस्थामा सुधारगर्दै लगेको छ । कर्पोरेशनले आव २०७७/७८ मा मात्रै पाँच करोड ३३ लाख सञ्चालन नाफा आर्जन गरेको छ । गत आवको कारोबार एकीकृत गर्ने क्रममा रहेको कर्पोरेशनका विभागीय प्रबन्धक झाले बताए ।

***कर्पोरेशन ६० औं वर्षमा***

सरकार र निजी क्षेत्रको सहभागितामा सञ्चालित कर्पोरेशन सोमबारदेखि ६० औं वर्षमा प्रवेश गरेको छ । विसं २०२० भदौ २७ गते सरकारले कर्पोरेशनको स्थापना गरेको थियो । तत्कालीन समयमा जनतालाई सहजरुपमा नून उपलब्ध गराउन स्थापना गरिएको कर्पोरेशनले पछिल्ला दिनमा व्यापारमा विविधीकरण गर्दै लगेको छ । कर्पोरेशनले पछिल्ला समय स्थानीय उत्पादनको बजारीकरणमा जोड दिँदै आएको छ ।

६० औं वर्षिकोत्सवका अवसरमा आज आयोजित कार्यक्रममा कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले साल्ट ट्रेडिङलाई नमूना संस्था बनाउने उद्देश्यका साथ आफूहरुले काम गरिरहेको बताए ।

आफ्नो सेवालाई थप प्रभावकारी बनाउन योजनाबद्ध हिसाबले देशरभका डिलरमार्फत उपभोक्ताको माझमा पुगिरहेको उनको भनाइ छ । सो अवसरमा एसइई परीक्षामा उत्कृष्ट अंक ल्याउने कर्पोरेशनमा कार्यरत कर्मचारीका सन्ततिलाई दुई वर्षसम्म मासिक तीन हजारका दरले छात्रवृत्ति प्रदान गरिएको थियो ।

# ग्लोबल नेपाली फिल्म अवार्ड अमेरिकामा

काठमाडौं, २७भदौ (रासस)/ 'आफ्नै नाम, आफ्नै शान आफ्नै पहिचान गाँउदेखि विश्वसम्म' भन्ने नारासहित ग्लोबल नेपाली फिल्म अवार्ड को पाँचौं संस्करण आगामी अक्टोबरको १३, १४ र १५ तारिखमा अमेरिकाको डेनभर कोलोराडोमा आयोजना हुने भएको छ ।

नेपाली चलचित्रलाई विश्वसामु परिचित गराउने उद्देश्यले नेपाल अमेरिका सम्बन्धको ७५ औं वार्षिकोत्सवका उपलक्ष्यमा फिल्म फेस्टिवलको आयोजना हुन लागेको पाँचौं एटिए एभरेष्ट ग्लोबल नेपाली फिल्म अवार्डका अध्यक्ष नवराज श्रेष्ठले जानकारी दिए । एटिए एभरेष्ट इन्स्योरेन्सको मुख्य प्रायोजन र सुनिल पाठक एजेन्ट अल स्टेट इन्स्योरेन्स कम्पनीको सहप्रायोजनमा नेपाल फिल्म सोसाइटी, ग्लोबल नेपाली फिल्म अवार्ड गोल्डेन स्टेट मुभी मेकर र मिडिया हाउस एलएलसीले संयुक्तरुपमा उक्त कार्यक्रम आयोजना गर्न लागेका हुन् । अवार्डका अघिल्ला चार संस्करण कोलोराडो र सनफ्रान्सिस्कोमा भएका थिए ।

ग्लोबल नेपाली फिल्म अवार्डको अर्को उद्देश्य नेपालबाहिर विदेशी चलचित्रकर्मी माझ चिनाउने र हलिउडका सिनेकर्मीलाई फिल्म सुटिङका लागि नेपाल आमन्त्रण गर्ने, नेपालबाट गएका र अमेरिकामा बस्ने कलाकर्मीको पुन:मिलन गराउने उद्देश्य रहेको छ ।

# प्रतिभाको सम्मान चेतनाको सम्मान: राष्ट्रपति

काठमाडौं, २८ भदौ (रासस)/ राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिभाको सम्मान चेतनाको सम्मान भएको बताएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानले सोमबार आयोजना गरेको प्रज्ञा पुरस्कार तथा राष्ट्रिय कविता महोत्सव पुरस्कार समर्पण समारोहलाई सम्बोधन गर्दै उनले सत्पात्रलाई सम्मान गर्दा राष्ट्रको शिर उच्च हुने बताए । "नेपाली भूमि, ज्ञान भूमि हो, नेपाललाई चिनाउन अझै धेरै गर्न बाँकी छ, ज्ञान दर्शन र औषधि दर्शनलाई उद्घाटन गर्नु छ, प्राज्ञिक विमर्श, अध्ययन, अनुसन्धान गरी विश्वसामु ज्ञान पस्कन प्रतिष्ठानले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ", राष्ट्रपति भण्डारीले भने ।

प्रतिष्ठानले गर्ने कविता महोत्सवले अन्तर पुस्तागत समूहलाई प्रोत्साहन गरेको उल्लेख गर्दै उनले एक लाख २८ हजारभन्दा बढी शब्द संग्रह गरिएको 'प्रज्ञा नेपाली बृहत् शब्दकोश', 'तस्विरमा नेपाल'को अंग्रेजी संस्करणजस्ता कृति प्रकाशन गर्ने क्रमलाई पनि निरन्तरता दिइने भइरहनुपर्ने बताए । दुवै कृति राष्ट्रपति भण्डारीले विमोचन गरेको थियो । 'सनातन संस्कृति कोष', 'नेपाल दर्पण' जस्ता पुस्तक प्रतिष्ठानले प्रकाशनको तयारी गरेकामा पनि उनले सराहना व्यक्त गरे । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं प्रतिष्ठानका संरक्षक जीवनराम श्रेष्ठले लक्ष्मीप्रसाद देवकोटा संग्रहालय तयार भएको जानकारी गराए ।

"प्रतिष्ठानले लेखक साहित्यकार परिचय कोश प्रकाशनको तयारी गरेको छ, प्राज्ञिक योजना पूरा गर्न सरकारले साथ दिन्छ, यसअघिका शब्दकोशको मोबाइल एप सार्वजनिक भएजस्तै सोमबार विमोचन भएको प्रज्ञा बृहत् नेपाली शब्दकोशको पनि मोबाइल एप सार्वजनिक हुन्छ", उनले भने ।

प्राज्ञिक क्षेत्रमा प्रतिष्ठानले उल्लेखनीय काम गरेको जानकारी गराउँदै मन्त्री श्रेष्ठले नवीन कृतिको प्रकाशन र यसअघि प्रकाशित भई बजारमा अप्राप्य बनेका पुस्तकको पुन:प्रकाशन गर्ने क्रमलाई पनि निरन्तरता दिइने प्रतिबद्धता जनाए । यसका लागि मन्त्रालयले आवश्यक सहयोग गर्ने उनको भनाइ थियो ।

प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले नेपालको बहुलता सम्बोधन गर्ने गरी १० वटा पुरस्कार स्थापना गरेर प्राज्ञिक क्षेत्रमा महत्वपूर्ण योगदान गरेका स्रष्टालाई सम्मान गर्ने गरिएको जानकारी गराए । नेपालभित्र र बाहिर जहाँसुकै रहे पनि नेपालको प्राज्ञिक चिनारी विश्वमा पुऱ्याउने स्रष्टालाई स्थापित पुरस्कारबाट सम्मान गर्ने गरिएको उनले बताए ।

"प्रतिष्ठानले १२ वर्ष लगाएर प्रज्ञा नेपाली बृहत् शब्दकोश ल्याएको छ, नेपालका विभिन्न मातृभाषीले प्रयोग गर्ने नेपाली शब्द पनि यहाँ समावेश गरिएको छ", कुलपति उप्रेतीले भने । नेपालको प्राज्ञिक उन्नयनलाई सरकारले ठूलो सहयोग गरेको बताउँदै नयाँ गठन हुने प्राज्ञ परिषद्ले पनि रचनात्मक गतिविधिलाई निरन्तरता दिने विश्वास उनले व्यक्त गरे ।

# प्रादेशिक संरचना हटियामा बन्ने, जग्गाको स्वीकृति कुर्दै सरकार

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ बागमती प्रदेश सरकारले हेटौंडा उपमहानगरपालिका-१६ हटियामा प्रादेशिक संरचनासहितको 'प्रदेश सिंहदरबार' निर्माण गर्ने भएको छ ।

बागमतीका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले मंगलबार मुख्यमन्त्री कार्यालयमा भएको पत्रकारहरुसँगको भेटमा प्रादेशिक संरचनासहितको 'सिंहदरबार' हटियामा निर्माण गरिने जानकारी दिएका छन् । यसअघि प्रादेशिक संरचना कहाँ बन्ने भन्ने टुंगो लागेको थिएन । जग्गाको अनुमतिका लागि प्रदेशले संघीय सरकारलाई २०७८ फागुनमै प्रस्ताव पठाएको थियो ।

आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालको संयोजकत्वमा गठित प्रशासनिक भवन जग्गा पहिचान समितिले हेटौंडाको ८ ठाउँमा प्रादेशिक संरचना बनाउने सकिने गरी जग्गाको स्वीकृतिका लागि संघीय सरकारमा सिफारिस गरेको थियो । तर, हालसम्म जग्गाको स्वीकृति प्राप्त नभएको मुख्यमन्त्री पाण्डेले बताए ।

जग्गाको स्वीकृति नआउँदा प्रादेशिक संरचना बनाउने योजना अलपत्र परेको हो । तर, पाण्डेले केही दिनभित्रै जग्गाको स्वीकृति पाउने र संरचना निर्माणका लागि तत्काल प्रक्रिया अगाडि बढाइने जानकारी दिए । 'हेटौंडा-१६ मा ५४ बिगाह क्षेत्रफलमा प्रदेशको सिंहदरबार बन्छ । हामीले जग्गा छुनौट गरेर संघीय सरकारलाई स्वीकृतिका लागि पठाइसकेका छौं । केही दिनभित्रै त्यसको अनुमति आउँछ र जग्गा स्वीकृत भएको एक हप्ताभित्र संरचनाको डिजाइन र निर्माण दुबै काम गर्ने गरी टेण्डर आह्वान गर्छौं', पाण्डेले भने ।

प्रादेशिक संरचना निर्माणका लागि सरकारले चालू आर्थिक वर्ष २०७९-०८० मा १ अर्ब ५ करोड बजेट विनियोजन गरेको थियो । प्रादेशिक संरचना निर्माणका लागि १ अर्ब ५ करोड बजेट पर्याप्त नभएको भन्दै आवश्यकताअनुसार थप गर्न सकिने उनले बताए । एकै स्थानमा सबै मन्त्रालय र संसद् भवन पनि निर्माण गर्ने तयारीका साथ काम अगाडि बढेको उनले बताए ।

उनका अनुसार हटियामा मुख्यमन्त्री कार्यालयदेखि मन्त्रालयहरु, प्रदेशसभा भवन, प्रदेश लोक सेवा आयोग, सांसद्देखि मन्त्रीका क्वार्टर, विभागहरु, प्रहरी बिटसहितको संरचना निर्माण हुनेछन् । वर्तमान गठबन्धन सरकारले हेटौंडा उपमहानगर पालिका-१९ लेवटमा ८० बिगाह जग्गा पहिचान गरेर स्वीकृतिका लागि सिफारिस गरेको थियो ।

यसैगरी, हेटौंडा-१६ मा ५४ बिगाह, हेटौंडा-६ चित्रेपानीमा २० देखि २५ बिगाह, हेटौंडा-९ लामसुरेमा १५ बिगाह, हेटौंडा-१७ हटियास्थित डिपोचौरमा १२ बिगाह, हेटौंडा-९ स्थित हेटौंडा सिमेन्टको स्वामित्व रहेको ५ बिगाह, हेटौंडा-८ भोर्लेमा २ दशमलव १३ र हेटौंडा-१७ हटियाको पश्चिम डिपोचौरमा २ दशमलव १४ बिगाह जग्गा छनौट गरेर संघीय सरकारलाई स्वीकृतिका लागि प्रस्ताव गरिएको थियो ।

यसअघि तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले हेटौंडा-२ स्थित हालकै सरकारी अड्डा भएका क्षेत्रमा प्रादेशिक संरचना बनाउने गरी डीपीआर निर्माण गरेका थिए । हाल मुख्यमन्त्री कार्यालय रहेको क्षेत्र साँघुरो रहेको भन्दै पाण्डे नेतृत्वको सरकारले प्रादेशिक संरचना हटियामा बनाउने निर्णय गरेको थियो । हटिया काठमाडौं-निजगढ द्रुतमार्गबाट नजिक र धरान-चतरा-हेटौंडा सडक खण्डसँग जोडिएको क्षेत्र हो । हेटौंडाको मुख्य बजारबाट हटिया करिब १० देखि १५ किलोमिटर दूरीमा छ ।

जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको २ र ३ नम्बर वडा जोड्ने भुड्दल खोलामा पक्की पुल निर्माण भएको छ । वर्षातको समयमा भुड्दल खोलामा बाढी आउँदा दुई वडावासीको सम्बन्ध विच्छेद हुने अवस्थाको अन्त्य भएको छ । ८ मिटर चौडाईको पुल बागमती प्रदेशको पूर्वाधार विकास कार्यालयले ३ करोड २४ लाख ७९ हजार रुपैयाँमा निर्माण गरेको जनाइएको छ । *- तस्बिर: साझाकुरा*

## नेपालद्वारा पाकिस्तानलाई राहत दिइने

काठमाडौं, २८ भदौ (रासस)/ नेपालद्वारा पाकिस्तानलाई दुई करोड मूल्य बराबरको राहत सामग्री सहयोगस्वरुप उपलब्ध गराइने भएको छ । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले सोमबार एक विज्ञप्ति जारी गरी पाकिस्तानमा आएको बाढीबाट धनजनको क्षति भएको जनाउँदै राहतस्वरुप सहयोग उपलब्ध गराइने बताए ।

यही भदौ २१ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयानुसार सहयोग गर्न लागिएको मन्त्रालयले जनाएको छ । पाकिस्तानमा विपद्मा परी मृत्यु हुनेप्रति नेपाल सरकारले श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ ।

## जन्मदिनमा बनकरिया बालबालिकालाई शैक्षिक सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ मकवानपुरका अग्रज पत्रकार प्रताप बिष्टले आफ्नो जन्मदिनको अवसरमा लोपोन्मुख बनकरिया समुदायका बालबालिकालाई शैक्षिक सामग्री सहयोग गरेका छन् ।

मंगलबार मकवानपुरको मनहरी गाउँपालिका-४, मुसेधापमा पुगेर बिष्टले शैक्षिक सामग्री सहयोग गरेका हुन् । बिष्टले सन्तोषी बनकरियाले नियमितरुपमा बिहानी कक्षामा पढाउने गरेको स्थानीय २६ जना बालबालिकालाई शैक्षिक सामग्री सहयोग गरेका छन् । बिष्टले नियमितरुपमा लोपोन्मुख बनकरिया समुदायको पक्षमा समाचार लेख्दै आएका छन् ।

## राप्रपा नेपालको युवक संगठनको अध्यक्षमा कार्की

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ राप्रपा नेपालको भातृ संगठन राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन नेपाल मकवानपुरको अध्यक्षमा भृगु कार्की चयन भएका छन् ।

कार्कीको अध्यक्षतामा ४१ सदस्यीय जिल्ला समिति चयन भएको हो । समितिको उपाध्यक्षहरुमा रोमप्रसाद सापकोटा, तुल्सी नेपाल, आरती पाठक कार्की, भगवान बर्तौला र प्रदीप बिष्ट चयन भएका छन् ।

त्यस्तैगरी, सचिवमा राजकुमार पौडेल, कोषाध्यक्षमा साकार बर्तौला, सह-सचिवमा महेश्वर न्यौपाने चयन भएको जनाइएको छ । सदस्यहरुमा बलबिर लामा, सुशील तिमल्सिना, अरुण कुमार दुलाल, पूजा श्रेष्ठ, रुपेशसिंह ठकुरी, दीपक अधिकारी, रविन गौतम, राजन सन्जेल, केशब बिष्ट, प्रभा राई, बिबेक न्यौपाने, कमल घले, विशाल गौतम, सुगन्ध लामा, जीवन खड्का, कुमार लामा, काशिराम सुवाल, राजकुमार दुलाल, धुर्व गौतम, कुमार लामा, गुणराज सापकोटा , गोपाल रानामगर, सागर घलान, सुमित श्रेष्ठ, अभिषेक लामा र सविन सापकोटालगायत छन् ।

## लागूऔषधसहित दम्पती पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २८ भदौ/ मकवानपुर प्रहरीले लागूऔषधसहित एक दम्पतीलाई पक्राउ गरेको छ ।

प्रहरीले लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित हेटौंडाबाट एक दम्पती पक्राउ गरेको हो । पक्राउ पर्नेमा भारत घर भई हाल हेटौंडा-१० आनन्दटोल बस्ने २५ वर्षीय समीर सिद्धिकी र उनको २१ वर्षकी श्रीमती रिजुकुमारी दास रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

लागूऔषध बिक्री वितरण गर्न लागेको छ भन्ने सूचनाको आधरमा सादा पोशकमा खटिएको प्रहरीको टोली सोमबार उनीहरुकै कोठाबाट ८ ग्राम २४० मिलिग्राम खैरो हेरोइन जस्तो देखिने पदार्थसहित पक्राउ गरेको जनाइएको छ ।

पछिल्लो समय मकवानपुर प्रहरीले लागूऔषध बिक्रि वितरण गर्नेलाई दैनिक पक्राउ गरिरहेको छ । लागूऔषध ओसारपसार गर्नेसँगै घरबाटै बिक्रि गर्नेहरु पनि धमाधम पक्राउ पर्न थालेका छन् ।

## थप दुई सय तीनमा कोरोना

काठमाडौं, २८ भदौ (रासस)/ देशभर पछिल्लो २४ घण्टामा थप दुई सय तीन जनामा कोभिड संकमण पुष्टि भएको छ । सो अवधिमा पाँच हजार ५९ को नमूना परीक्षण गरिएको थियो ।

एक हजार तीन सयले पिसिआर र तीन हजार सात सय ५९ को एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा चार लाख २९ हजार आठ सय सातले कोभिडविरुद्धको खोप लगाएका छन् । मंगलबार एक सय २६ कोरोना संकमणमुक्त भएका छन् । यससँगै संकमण मुक्त हुनेको संख्या नौ लाख ८४ हजार सात सय १० पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय संक्रमितको संख्या दुई हजार दुई सय ३२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १५ पुगेको छ । होम आइसोलेशनमा दुई हजार एक सय ५२, संस्थागत आइसोलेशन ८०, आइसियु १७ र भेन्टिलेटरमा एक जना संक्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौं र दुई सयभन्दा बढी संक्रमित रहेको जिल्लामा ललितपुर र चितवान रहेका छन् ।

शून्य संक्रमित रहेका जिल्लामा ताप्लेजुङ, मनाङ, मुस्ताङ, अर्घाखाँची, हुम्ला, डोल्पा, मुगु, जुम्ला, बझाङ र दार्चुला रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा आठ सय ५२, ललितपुर तीन सय ९४ र भक्तपुरमा ३३ सक्रिय संक्रमित रहेका छन् । कुलमा संक्रमणदर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

## मतपत्र छपाइको प्रक्रिया सुरु

काठमाडौं २८ भदौ(रासस)/ निर्वाचन आयोगले आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मतपत्र छपाइको प्रक्रिया सुरु गरेको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट समानुपातिक निर्वाचनको मतपत्र छाप्न प्रक्रिया सुरु भएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए । नमूना मतपत्र छाप्ने कार्य सम्पन्न भएपछि समानुपातिकको मतपत्रको प्रक्रिया अगाडि बढाइएको हो । आयोगले यही भदौ १५ देखि आगामी असोज १ गतेसम्म उम्मेदवारको नामको बन्द सूची तयार गर्न राजनीतिक दललाई समय तोकेको छ । दलले असोज २ र ३ गते आयोगमा बन्द सूचीमा रहेका उम्मेदवारको नाम पेश गर्नुपर्ने छ ।

सम्बन्धित पार्टीले सूचीमा रहेका उम्मेदवारको नाम सञ्चाउन चाहेमा असोज ४ देखि ९ गतेसम्म गर्नुपर्ने र त्यसका आधारमा आयोगले १० देखि १६ गतेसम्म संशोधनको समय सिमा र १७ गते उम्मेदवारले नाम फिर्ता लिने तालिका तय गरिएको छ ।

रिक्त स्थानमा परिवर्तन गर्नुपर्ने नाम दलले २० देखि २२ गतेसम्म आयोगमा बुझाउनुपर्ने व्यवस्था छ । त्यस्तै २३ देखि २९ गतेसम्म दावी बिरोधका लागि समय राखिएको छ । यही असोज ३० देखि कत्तिक ५ गतेसम्म आयोगले जाँचबुझ गरी ८ गते सूचीबाट नाम हटाउने र कात्तिक ९ गते अन्तिम नाम प्रकाशन गर्ने कार्यतालिका छ ।


**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



**आवश्यकता**

*प्रथम पटक प्रकाशित मिति : २०७९/०५/२६*

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.को लागि तपसिलबमोजिम योग्यता पुगेका उल्लेखित कर्मचारी आवश्यकता भएकाले आवेदन दिन इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**पद : प्रबन्धक**
**पद संख्या :** १ जना
**शैक्षिक योग्यता :** वाणिज्य संकायमा स्नातक उतीर्ण
**अनुभव/ज्ञान :** सहकारी व्यवस्थापनमा कम्तिमा २ वर्ष अनुभव भई कम्प्युटर राम्ररी चलाउन जान्ने ज्ञान भएको ।
**उमेर :** १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको
**सेवा सुविधा :** संस्थाको नियमानुसार

**पद : बजार प्रतिनिधि**
**संख्या :** केही
**योग्यता :** एसईई/एसएलसी वा सो सरह
**सेवा सुविधा :** संस्थाको नियमानुसार
**अनुभव/ज्ञान :** सम्बन्धित क्षेत्रमा ज्ञान भएको ।
**ग्राहयता :** महिलालाई विशेष ग्राहयता दिइनेछ ।
**पेश गर्नुपर्ने कागजातहरु :** निवेदन तथा व्यक्तिगत विवरण (Bio-Data), शैक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रको छायाँप्रति र फोटो ।
*नोट : प्रारम्भीक छुनौटमा परेका उमेदवारहरुलाई अर्न्तवार्ताको लागि सहभागी गराइने छ । दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहनेछ ।*

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१, मकवानपुर
सम्पर्क: ०५७-५२६८४९,



**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको
अति व्यस्त कपडा पसल विशेष
कारणले बिक्रीमा ।
फोन नं.: ९८४५४८७२३२



ट्राफिक नियमको पालना गरौं।
बाटो काट्दा जेब्राक्रसको प्रयोग गरौं ।



**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोस्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना